# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

काहुले, नुवाकोट

बागमती प्रदेश, नेपाल

पत्र संख्याः-२०८२/०८३

चलानी नं. ४९६

मितिः २०८२।०८।१६

**विषयः राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८२ सञ्चालन सम्बन्धमा।**

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै
किस्पाङ गाउँपालिका, नुवाकोट।

उपरोक्त सम्बन्धमा चालु शैक्षिक शत्र २०८२ मा १८ बर्ष मुनिका कक्षा १२ सम्म नियमित अध्ययनरत छात्रा/छात्रहरु आ-आफ्नो समूह वीच स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८२ अन्तर्गत किस्पाङ गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिड प्रतियोगिता व्यवस्थापन तथा निर्देशिका समितिको मितिः २०८२।०८।१२ गतेको निर्णयानुसार मितिः २०८२।०८।२३ गते देखी २०८२।०८।२६ गते सम्म श्री जल्जुखोला माध्यमिक विद्यालय किस्पाङ-१ को खेल मैदानमा देहाय अनुसार राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन हुने भएकोले प्रतियोगितामा सहभागी हुन किस्पाङ गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन निर्देशिका २०७० (चौथो संशोधन सहित)को अनुसूची १ अनुसार फारम भरी आवश्यक कागजातहरु सहित रीतपूर्वक प्रतियोगिता आयोजक समक्ष मितिः २०८२।०८।१९ गते दिनको ४:०० बजे भित्र सहभागी खेलाडीहरुको विवरण पेश गर्नुहुन सम्बन्धित विद्यालयहरुलाई यसै सूचना द्वारा अनुरोध गरिन्छ।

**तपसिल**

१. भलिवलः छात्र तथा छात्रा दुवै तर्फ

२. कबड्डीः छात्र तथा छात्रा दुवै तर्फ

३. एथ्लेटिक्सः

४. दौड (ट्याक) तर्फ

क. छात्रः १०० मि., २०० मि., ४०० मि., ८०० मि., रिले, ४*४०० रिले

ख. छात्राः १०० मि., २०० मि., ४०० मि., ८०० मि., रिले, ४*४०० रिले

५. उफ्रने र फ्याक्ने (फिल्ड) तर्फः

क. छात्रः हाइजम्प, लङजम्प, ज्याभलिङ्ग थ्रो ८०० ग्राम, सटपुट १२ पाउण्ड

ख. छात्राः हाइजम्प, लङजम्प, ज्याभलिङ्ग थ्रो ६०० ग्राम, सटपुट ८ पाउण्ड

**नोटः**

१. प्रत्येक विद्यालयले भलिवल र कबडी खेलतर्फ बढीमा ९/९ जना सम्म खेलाडी छात्र/छात्राहरु पठाउन सक्नेछन्।

२. अन्तराष्ट्रियस्तरको प्रतियोगितामा पदक विजेता खेलाडीलाई यस प्रतियोगितामा सहभागि गराइने छैन।

३. प्रतियोगितामा सहभागी हुनका लागि खेलाडीहरुको जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी फारम साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।

४. प्रतियोगिता सम्बन्धी अन्य व्यवस्था राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन निर्देशिका २०७० चौथो संशोधन सहित) अनुसार हुनेछ।

**बोधार्थः**

श्री सूचना तथा प्रविधि शाखा, किस्पाङ गाउँपालिकाः **सूचना वेभसाइटमा अपलोड गरिदिनुहुनः**

केदार प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

केदार प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

Email:- kispangrm@gmail.com, info@kispangmun.gov.np, Website:- www.kispangmun.gov.np